म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६१ आइतबार ८ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 22 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडा फुटबल एकेडेमीलाई नगद सहयोग

हेटौंडा, ७ माघ/हेटौंडा फुटबल एकेडेमीलाई नेकपा एकीकृत समाजवादी निकट नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरले नगद सहयोग गरेको छ । महासंघले एकेडेमीलाई ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको हो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले हेटौंडा फुटबल एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामालाई रकम हस्तान्तरण गरेको थिइन् । कार्यक्रममा बोल्दै मेयर लामाले उपमहानगरपालिकाले पनि एकेडेमिलाई एक लाख रुपैयाँ दिने घोषणा गरिन् । महिला फुटबललाई अगाडि बढाउन आगामी दिनमा बजेटमै एकेडेमीको कार्यक्रम राख्ने मेयर लामाले प्रतिवद्धता जनाइन् । हेटौंडा फुटबल एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले आफू महिलालाई खेलकुदमा अगाडि बढाउनुपर्छ भनेर ४ वर्षदेखि निरन्तर लागिरहेको बताए । हेटौंडा फुटबल एकेडेमीमा अहिले २० जना महिला खेलाडीहरु रहेको प्रशिक्षक लामाले जानकारी दिए । नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरका अध्यक्ष उमेश बडाथोकीको सभाध्यक्षतामा भएको कार्यक्रममा महासंघको केन्द्रीय सचिवालय सदस्य माधव तिमल्सिनालगायतको उपस्थिति रहेको थियो ।

निरन्तर अष्ट्रेलिया भासिँदै मकवानपुरे फुटबलर

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ फुटबल खेलेर मकवानपुरलाई यसअघि देशभर चिनाउन भूमिका खेल्दै आएका महत्वपूर्ण खेलाडीहरु यतिबेला स्वदेशमा छैनन् ।

मकवानपुरमा जन्मिएर, हेटौंडाका खेलमैदानमा सिकेर राष्ट्रिय टोली र राष्ट्रिय लिग खेलिसकेका अञ्जन विष्ट, रञ्जन विष्ट, अमिर श्रेष्ठ, सुनिल बल, एलन न्यौपाने, रोहित कार्की, रवि थिङ र सुशान्त लामाले मकवानपुरलाई खेलकुदबाट पहिचान दिलाएका थिए । तर, उनीहरुमध्ये अञ्जन र सुनिल मात्रै स्वदेशमा छन् । निरन्तर राष्ट्रिय टिममा रहँदै आएका अञ्जन र सुनिललाई छोडेर रञ्जनदेखि पछिल्लो समयका उदयीमान खेलाडी रोहित विदेश भासिएका छन् । यसअघिको सहिह स्मारक ए डिभिजन लिग फुटबल प्रतियोगितामा रञ्जन, अमिर, रोहित, रविले खेलेका थिए ।

यसले पनि मकवानपुरका खेलाडीहरुले राष्ट्रिय टिमदेखि ए डिभिजन लिगमासमेत अर्थपूर्ण सहभागिता जनाउँदै आएको देखिन्छ । तर, स्वदेशमा खेलकुद संरचना बलियो नहुनु र खेलेर नै जीविकोपार्जन गर्न नसकिने अवस्थाका कारण प्रतिभाशाली तथा उदीयमान मकवानपुरे खेलाडी सुन्दर भविष्यको खोजीमा अस्ट्रेलिया भासिएका छन् ।

कुनै बेला राष्ट्रिय टिममासमेत रहेका र चर्चित क्लब थ्रीस्टारको पहिलो रोजाईको गोलरक्षक एलन न्यौपाने करिब २ वर्ष अघि नै अष्ट्रेलिया भासिएका थिए । उनी स्वदेश फर्किएपनि । एलनपछि ए डिभिजन लिगका महत्वपूर्ण खेलाडीहरु अमिर, रोहित, रवि पनि अष्ट्रेलिया पुगेका छन् ।

पछिल्लो समय केही दिनअघि मात्रै हेटौंडेली फुटबलर फर्वाड रञ्जन पनि अष्ट्रेलिया गए । रञ्जन पूर्वराष्ट्रिय खेलाडी हुन भने लिगको गत सिजनमा एनआरटीबाट खेल्थे । लिगमा फर्वाड अमिरले जवलखेलबाट खेलेका थिए भने रवि सशस्त्र प्रहरीको एपीएफ क्लबमा जोडिएका थिए । गोलरक्षक रोहित कार्की संकटबाट खेल्ने गरेका थिए । रोहित एन्फाको एकेडेमीबाट उमेर समूहमा प्रतिस्धा गर्दै लिगमा स्थान बनाएका खेलाडी हुन् । यस्तै, मोफसलका ठूला प्रतियोगिता खेलेका अञ्जनको ब्याचका सुशान्त लामा सबैभन्दा पहिला अष्ट्रेलिया भासिएका थिए । उनी श्रीमतीसहित अष्ट्रेलिया पुगेका हुन् । उनले पद्दै र फुटबल खेल्दै आइरहेको मकवानपुरका पुराना फुटबलर तथा प्रशिक्षक सुविन घिमिरे बताउँछन् ।

कुनै समय राष्ट्रिय टोलीको प्रतिनिधित्व गर्नु गौरवको विषय मानिने गरेको नेपालमा हाल खेलाडीहरुले भविष्यको खोजीमा अष्ट्रेलिया भासिने गरेका हुन् । मुलुकको भन्डा बोकेर खेलाडीलाई सदभावना दूतका रुपमा हेरिन्थ्यो भने उनीहरु अहिले विदेशी भूमिका पसिना बगाईरहेका छन् । पछिल्लो समय राष्ट्रिय खेलाडी नेपालका चर्चित गोल्डकप छोडेर विदेशमा हुने टोलकपमा पनि सहभागी हुने होडबाजी चलेको हो । पछिल्लो दुई वर्षमा मात्र करिब दुई दर्जन राष्ट्रिय टोली र उमेर समूहमा मुलुकको प्रतिनिधित्व गरिसकेका खेलाडी अष्ट्रेलिया आइपुगेका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा)ले फागुन १९ देखि ए डिभिजन फुटबल लिग आयोजना गर्ने तालिका सार्वजनिक गर्दैगर्दा राष्ट्रिय खेलाडीको डरलाग्दो पलायन देखिएको छ ।

मकवानपुरका खेलाडी मात्र हैन, राष्ट्रिय टिमका नियमित डिफेण्डर दिनेश राजवंशी र मिडफिल्डर तेज तामाङ यसै साता ए डिभिजन लिग छोडेर अष्ट्रेलिया पुगे । एकाघ खेलाडी भने विद्यार्थी भिसा र डिपेन्डेन्ट भिसामा अष्ट्रेलिया गएको देखिन्छ । १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालको प्रतिनिधित्व गरेका यू-२३ टिमका २० मध्ये ८ जना खेलाडी अष्ट्रेलियामा रहेका छन् । सागमा स्वर्ण विजेता टिमका दिनेश राजवंशी, सुमन अर्याल, मिक्छेन तामाङ, हेमन्त थापामगर, नितिन थापा, तेज तामाङ र अभिषेक रिजाल यसअघि नै अष्ट्रेलियाको सप्ताहन्त फुटबल खेल्न गएका हुन् ।

अष्ट्रेलिया आइपुग्ने अधिकांश खेलाडीलाई यहाँका सप्ताहन्त फुटबल खेल्ने नेपाली क्लबले बोलाएका हुन् । खेलाडीहरु यहाँ आउँदै गर्दा सबवलास ४०० भिसा अन्तर्गत आउँछन् । उनीहरुलाई सिमित घेरामा मात्र आफ्नो क्षमता प्रदर्शन गर्ने अधिकार रहेको बताइन्छ । नेपाली फुटबलरलाई यहाँको स्थानीय नेपाली क्लबले आफ्नो निम्तामा अष्ट्रेलिया बोलाएको हुन्छन् र केहि महिनापछि उनीहरु विद्यार्थी भिसामा स्थानान्तरण हुन्छन् । अष्ट्रेलियाको अध्यागमन नीति अनुसार यसरी आउनेहरुले भिसा परिवर्तन गरी विद्यार्थी भिसा लिन पाउने भएकाले खेलाडीहरुको आकर्षण बढी देखिएको छ । जसकारण त्यहाँ पुगेका खेलाडीहरु स्वदेश फर्किने सम्भावना कम हुन्छ ।

वर्षौंको लगानीबाट तयार भएको एउटा पुस्ता बाहिरिँदा अन्तर्राष्ट्रिय टिम निर्माणमा संकट आउने देखिन्छ । अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकज नेवाङ खेलाडीहरु उज्वल भविष्यका लागि व्यवसायिक फुटबल खेल्न भनेर विदेशिदै गर्दा आफूहरुले रोक्ने कुनै उपाय नभएको बताउँछन् । उनले खेलाडीलाई अब पलायन हुनबाट रोक्ने जिकिर गरे । नेपालमै खेल्ने वातावरण बनाउने उनको भनाई छ । अब राम्रो हुन्छ भन्ने सोचेर प्रतिभाशाली खेलाडीहरु मुलुक फर्कनुपर्ने उनले बताए ।

नेपालमा व्यवसायी फुटबल खेलिरहेका दुई दर्जन भन्दा बढी खेलाडी अष्ट्रेलिया पुगिसकेका छन् । फुटबलहरु हेमन गुरुङ, एनल न्यौपाने, सुमन लामा, आशिष लामा, दर्शन गुरुङ, बिमल राना, सन्तोष तामाङ, शिव गुरुङ, राजन गुरुङ, नवीन गुरुङ, आकाश बुढामगर, रुमेश बर्तौला, अभिषेक रिजाल, हेमन्त थापामगर, रेजिन सुब्बा, सुमन अर्याल, गौतम श्रेष्ठ, तेज तामाङ, दिनेश राजवंशी, राजेन्द्र रावल, विश्व अधिकारी, नितिन थापा, अजित, राई, रोहित कार्की, सूर्य अधिकारी, रुपक लामा, विदेव गुरुङ, मिक्छेन तामाङ, रवि थिङ, रञ्जन विष्टलगायत अन्य खेलाडी पनि अष्ट्रेलिया भासिएका छन् । यी मध्ये अधिकांशले हेटौंडामा फुटबल खेलेका छन् ।

६ महिना प्रहरीले उठायो १५ करोड भन्दा धेरै राजश्व

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ बागमती प्रदेशमा ६ महिनाको अवधिमा प्रहरीले १५ करोड भन्दा धेरै राजश्व संकलन गरेको छ ।

चालू आर्थिक वर्षको ६ महिनामा प्रहरीले प्रदेशको १० जिल्लाबाट १५ करोडभन्दा धेरै राजश्व संकलन गरेको हो । प्रदेशको उपत्यकाका ३ जिल्लाबाहेक १० जिल्लाबाट ६ महिनामा १५ करोड ७८ लाख ५१ हजार ४०१ रुपैयाँ राजश्व संकलन गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाका अनुसार सवैभन्दा बढी ट्राफिक व्यवस्थापन तर्फबाट ११ करोड ३२ लाख ६५ हजार ५०० रुपैयाँ राजश्व संकलन भएको छ । ट्राफिक नियम उल्लैन गर्ने १ लाख २८ हजार ७५४ वटा सवारी साधनका चालकलाई कारवाहीपछि उक्त राजश्व संकलन भएको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक दिपक रेग्मीले जानकारी दिए । प्रवक्ता रेग्मीका अनुसार मापसे गरेर सवारी चलाउने, निषेधित क्षेत्रमा पार्किङ गर्ने, क्षमताभन्दा बढी सामान राखेर हिँड्ने, सिटबेल्ट नबाँध्ने, क्षमताभन्दा बढी यात्रु बोक्ने जस्ता सवारीका चालकहरु कारवाहीमा परेका छन् । उनले सवारी दुर्घटना न्यूनिकरण गर्न ५ हजार ५९४ वटा सवारी साधनको यान्त्रिक परीक्षण गरिएको समेत बताए ।

त्यस्तै अपराध अनुसन्धान तथा कारवाही अन्तर्गतअदालतको फैसला कार्यान्वयनको क्रममा ४ करोड ८ लाख ६१ हजार ८९९ रुपैयाँ जरिवाना संकलन भएको छ । फैसला कार्यान्वयनतर्फ ३८७ जनालाई पकाउ उक्त जरिवाना संकलन गरेको रेग्मीले बताए । प्रवक्ता रेग्मीका अनुसार चालु आवको ६ महिनामा प्रदेश प्रहरी कार्यालय मातहतका २३ वटा प्रहरी युनिटमा २ हजार १५३ वटा मुद्दा दर्ता भएकोमा विभिन्न अपराधमा संलग्न १ हजार ४०५ जनालाई प्रहरीले पकाउ गरेको थियो । सो अवधीमा १८ नाल अवैध हातहतियार बरामद गरी ११ जनालाई पकाउ समेत गरिएको उनले बताए ।

त्यसैगरी शान्ति सुरक्षा अन्तर्गत प्राकृतिक सम्पदाको अवैध दोहन नियन्त्रण गर्ने क्रसर तथा सवारी साधन जरिवानाबाट ३७ लाख २४ हजार २ रुपैयाँ राजश्व संकलन भएको छ । चालुआवमा जिल्ला समन्वय समिति, सम्बन्धीत स्थानीय तह, जिल्ला सुरक्षा समितिसँगको समन्वयमा अवैध रुपमा संचालित १९९ वटा क्रसर उद्योग र उत्खननमा संलग्न २५३ वटा सवारी साधन नियन्त्रणमा लिएर उक्त रकम राजश्व संकलन गरिएको प्रवक्ता रेग्मीले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

वनखण्डी मन्दिरको दान पेटिका चोरी

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ हेटौंडाको धार्मिक पर्यटकीय क्षेत्र हेटौंडा-२, स्थित वनस्खण्डी मन्दिर मा दान पेटिका चोरी भएको छ ।

मन्दिरको उत्तर पश्चिममा पर्ने खोल्चामा दान पेटिका फुटाएर करिब २० हजार रुपैयाँ चोरी भएको वनस्खण्डी मन्दिर पर्यटन विकास समितिका कोषाध्यक्ष राजुराम राउतले जानकारी दिएका छन् । शुक्रवार विहान २ बजेर १८ मिनेटमा वनस्खण्डी मन्दिर परिसरमा रहेको विन्दवासिनी मन्दिरको दान पेटिका चोरी भएको राउतले बताए । मन्दिरमा रहेको सिसिटिभीमार्फत चोरीको घट्ना प्रष्ट देखिएको र प्रहरीले चोरी गर्नेको अनुसन्धान र खोजी गरिरहेको उनले जानकारी दिए ।

दान पेटिकामा रहेको तीन थान सुनका तिलहरी भने सुरक्षित रहेको उनले बताए । शुक्रवार विहान मन्दिरका पुजारी मन्दिरमा सरसफाई गर्न जाँदा दान पेटिका फुटाएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । चोरीको घट्नाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको वनस्खण्डी मन्दिर पर्यटन विकास समिति अध्यक्ष राममान श्रेष्ठले जानकारी दिए ।

बकैयामा ३ दिन सार्वजनिक बिदा

हेटौंडा, ७ माघ/पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा ३ दिन सार्वजनिक बिदा दिइएको छ ।

सोनाम ल्होछारको अवसरमा बकैया गाउँपालिकाले ३ दिन सार्वजनिक बिदा दिएको हो । गाउँपालिकाले शनिबारदेखि तीन दिन गाउँपालिकाभरि सार्वजनिक बिदा दिएको जनाएको छ । तामाङ बाहुल्य रहेको गाउँपालिकाले यस अघिका वर्षहरुमा पनि ३ दिन ल्होछारमा बिदा दिने गरेको थियो ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:

९८४५०२७०६४/९८५५०६८०३८

साझाकुरा

हाम्रो कुरा

ल्होसारको शुभकामना

नेपालमा ल्होसार मनाउने प्रचलन चीन तथा चीन प्रशासित राज्यबाट भित्रिएको मानिन्छ । चिनियाँ पात्रोमा पनि नयाँ वर्षलाई विभिन्न पशुपन्छीका नामले सम्बोधन गरिन्छ । त्यसो त तामाङ समुदायले चिनियाँ पात्रोभन्दा बेग्लै अनि मौलिक आफ्नै पात्रोको प्रयोग गर्ने गर्दछन् जसलाई 'चन्द्र पात्रो' भनिन्छ । बौद्ध धर्म अनुसार तामाङ जाती महायान सम्प्रदायका हुन् । तामाङहरूका अलावा ल्होसार पर्व शेर्पा, गुरुङ, मगर, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा र लेप्चा लगायतका जातीले मनाउँदछन् । गुरुङले मनाउने ल्होसार लाई तोला ल्होसार, तामाङलगायतका जातिले मनाउनेलाई सोनाम ल्होसार, शेर्पा र भोटे जातीलगायतले मनाउने ल्होसारलाई ग्याल्पो ल्होसार भनिन्छ ।

सोनाम ल्होसार पर्व तामाङ जातीहरू पुगेका नेपालसहितका अन्य मुलुकहरू सिंगापुर, मङ्गोलिया, मलेसिया, भारत, थाइल्यान्ड, भियतनाम, भुटान, लाओस, म्यान्मार, जापानलगायतका देशमा मनाइँदै आएको छ । आजको दिन यी देशहरूका अधिकांश वौद्धविहारहरु रङ्गिन र उल्लासमय हुन्छन् । रङ्गिन सजावटका ध्वजापताका अनि पुष्पद्वारलगायत अन्य मनमोहक सजावटले आज वौद्धविहार बडो गज्जब देखिन्छ । मुख्यतया डाँडाकाँडामा भएका नेपाली वौद्धविहार हरुमा गरिएको यस्तो सजावटले परैबाट आँखा तान्दछ, असीम आनन्दको अनुभूति हुन्छ ।

आज माघ शुक्ल प्रतिपदा भएकाले यस संवत् अनुरूप भने सोनाम ल्होसार हो । संवत्ले जेसुकै भनोस् शुभकामना अनि रौनकको यस ल्होसारको महिनाभरि नै सबैलाई स्वागत छ । सोनाम ल्होसारका अवसरमा घर बस्तीहरू सफा गरी बुद्धका चित्रहरू अङ्कित ध्वजापताकाहरू टाँगेर बुद्धको पूजा अर्चना गरिन्छ । कतिपय ठाउँमा जात अनुसारका गाउँका लामा र मुखियाको उपस्थितमा सबै जना एकै ठाउँमा भेला भई नाचगान रमाइलो पनि गरिन्छ । यसरी गाइने अनि नाचिने गीतहरूलाई 'तामाङ सेलो' भनिन्छ । सुस्तरी तर, बडो मधुर रूपमा गाइने यस्ता सेलोहरूमा डाँडा पाखा, कन्दरा अनि दैनिक जीवन भोगाईलगायत माया प्रेमका भावनाहरू पनि समावेश हुन्छ । डम्फु चाहिँ यस समुदायको हस्ताक्षर बाजा हो । डम्फु अनि सेलोको सुमधुर मिश्रण मनमोहक हुन्छ । धेरैजसो यस्ता सामुदायिक कार्यक्रमहरू खुला आकाशमुनि गरिन्छ, परम्परागत पहिरनमा सजिएका तामाङ समुदायका व्यक्तिहरूलगायत अन्य सबै समुदाय अनि सबै धर्मका व्यक्तिहरूलाई यस समुदायले खुल्ला हृदयले स्वागत गर्दछन् । आज मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र आठ वटा पालिकाहरुको विभिन्न स्थानमा सोनाम ल्होसार पर्व भव्यताका साथ मनाइँदैछ । यस अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३११
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९	सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक	

भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ ९ गते सोमबार २३ जनवरी २०२३ । द्वितीया, माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३५।

आजको राशिफल

मेष	: राजनीतिमा सफलता मिल्नेछ	**तुला**	: राम्रो अवसर गुम्नेछ
वृष	: काममा विलम्ब हुनेछ	**वृश्चिक**	: खर्च र दु:ख बढ्नेछ
मिथुन	: मनोकांक्षा सिद्धि हुनेछ	**धनु**	: वस्त्र-भोजन प्राप्त हुनेछ
कर्कट	: गरेको कार्यमा सफलता मिल्नेछ	**मकर**	: योजना कार्यान्वयन हुनेछ
सिंह	: नयाँ कार्ययोजना बन्नेछ	**कुम्भ**	: व्यापार राम्रो चल्नेछ
कन्या	: आकस्मिक लाभ हुनेछ	**मीन**	: मीठो खाने अवसर मिल्नेछ

सम्भव छ सफा नेपाल

✍ **खेम शर्मा**

तपाइँ बिहान स्वस्थ श्वास फेर्दै आफ्नो विस्ताराबाट उठ्नु हुनेछ र आफैं बिस्तारा मिलाएर सफा घरबाट 'मर्निङ वाक'का लागि निस्कनुहुनेछ । बाहिर निस्केपछि तपाइँ सफा भइसकेको बाटो र टोलका सफाइ मजदुरलाई धन्यवाद दिँदै अगाडि बढ्नुहुनेछ । 'मर्निङ वाक'बाट फर्केपछि सफा बाथरुममा नुहाई आफ्नो काम गर्ने स्थानमा पुग्दा घर जत्तिकै सफा पाउनुहुनेछ र सफा विचारले आफ्नो सुन्दर जिम्मेवारी पूरा गर्नुहुनेछ । हरेक साँझ आरामको निद्रा पाउनुहुनेछ तपाइँ आफैँले बिहान ठिक हालतमा राखेको बिस्तारामा । तपाइँ हरेक राति सफा र सकारात्मक विचार लिएर सुत्नुहुनेछ र मिठो निद्रा निदाउनुहुनेछ । अनि बिहानको दैनिकी पनि माथिजस्तै सुरु हुनेछ ।

नेपालका हिमाल पहाड तराईका हरेक बस्तीमा सफा र 'अर्ग्यानिक' भोजनालय हुनेछन् । त्यहाँ सफा र मिठो खाना खान पाइनेछ । सेफहरुले पाहुनालाई सफा भान्सा देखाउनेछन् (विदेशतिर हिजोआज 'ओपन किचेन' भन्ने गरिएको) र मिठो खाना पस्कनेछन् । सफा ठाउँमा बसेर मिठो खाना खाने पाहुनाको मिठो सपना पनि पूरा हुनेछ । यही हो हाम्रो स्वच्छ नेपाल, जहाँ विद्यालयका छात्रछात्रा, कार्यालयका महिला कर्मचारी र आफ्नो काममा हिँडेका बटुवा महिला सफा शौचालयमा शौच गर्न पाउने भएकाले घरबाट पर्याप्त पानी पिएर यात्रामा निस्कनेछन् ।

गुडिरहेको गाडीबाट कुनै यात्रुले फोहर जथाभावी फाल्ने छैनन् । सार्वजनिक स्थानमा अनिवार्य फोहर संकलन गर्ने टोकरी (बिन) हुनेछन् र ती नियमित तालिकाअनुसार खाली र सफा गरिएको हुनेछ । संकलित फोहर खेर फालिने छैन । सबै घर, कार्यालय, विद्यालय, स्वास्थ्यचौकी, कलकारखानाको फोहर बस्तीभन्दा अलि टाढा कुहिने र नकुहिने गरी अलगअलग टोकरीमा छुट्याएर राखिने छ । कुहिने फोहरले मल र ऊर्जा उत्पादन गरी गाउँघर मलिलो र उज्यालो बनाइनेछ भने नकुहिने वस्तुको उचित सदुपयोग गरी पुन:प्रयोग गर्न मिल्ने बनाइनेछ ।

देश जोड्ने लामा, छोटा राजमार्गका समुचित दुरीमा सफा शौचालयहरु हुनेछन् । एउटा गाउँसहरको फोहर अर्को गाउँसहर बोकेर लैजानुपर्ने छैन । भवन, नदी, खोलानाला, करिडोर सबै सफा, सुन्दर र प्राकृतिक बासनादार हुनेछन् । श्रद्धालुहरुका लागि मठ, मन्दिर, चैत्य गुम्बा, चर्च सबै उनीहरुका मन जस्तै सफासफा हुनेछन् । अनि हामी भन्नेछौं- यही हो हाम्रो स्वच्छ सफा नेपाल, हाम्रो देश ।

हरेक धाराको पानी हिमालको जस्तै निस्फिक्री पिउन मिल्नेगरी सफा हुनेछ । हरेक हिमाल उक्लँदा र ओर्लंदा हामीले मानव निर्मित फोहरका भारी निर्दोश हिमाललाई बोकाउने छैनौं । हाम्रो देशमा जन्म लिने हरेक शिशुले सफा र स्वस्थ सासको झोक्का लिनेछन् । सफा हुनेछ हाम्रो धर्ती । हाम्रो माटो र मातृभूमि । सरसफाइका लागि हामीसँग व्यावहारिक कानुन र नियम हुनेछन् र ती नियमहरु हामी कसैलाई दण्डित गर्न लागू हुने छैनन् । किनभने विना दण्ड जरिबाना नै सफा नियम सफा नियतमा बद्लिनेछन् र हाम्रो समाज सदा सफा रहनेछ । त्यसैले सम्भव हुनेछ सफा समाज अनि सफा नेपाल ।

माथि व्यक्त विचार कल्पना र भावनाका उपज होइनन् । नत यी कुनै साहित्यिक रचना नै हुन् । यी पूर्णरुपले सम्भव विचार मात्र हुन् । किनभने हामीले 'सफा नेपाल सम्भव छ' भनेर सोच्नुको कारण पनि यही हो कि यो निसन्देह सम्भव छ । यो आधुनिक यान्त्रिक विज्ञानको जटिल अनुसन्धान नभएर हाम्रो नियमित जीवन शैलीलाई नियमन गरेर हाम्रो स्वस्थ्य मन र फदयले खोजेको र गर्नसक्ने काम हो, सुन्दरता कल्पना मात्रै होइन ।

एउटा बहस गरौं- नेपालको गाउँदेखि सहरसम्म व्याप्त फोहरमैलासहितका समस्यासँगै समाधानका सम्भावना खोज्ने के हुन सक्छन् ? यसका सम्भव र सकारात्मक उपायहरु किन अवलम्बन नगर्ने ? यो बहसले एकल प्रयासभन्दा माथि उठ्दै सामूहिकरुपमा अठोट गर्ने अवस्था सिर्जना गर्नेछ । यदि यसो भयो भने विश्वका उत्कृष्ट सफा सहर र देशमा नेपाललाई समाहित गर्न किन धेरै समय पनि लाग्नेछैन ।

फोहर व्यवस्थापन र फोहर पानी शुद्धीकरणसँगै पर्यावरणीय कामहरूका आधारमा सफा देशको सूचीकरण हुने गर्छ । सन् २०२३ लाग्नेबित्तिकैको ग्लोबल सफा इन्डेक्सअनुसार विश्वमा स्विट्जरल्याण्ड सफा देशको अग्रस्थानमा छ भने नेपाल 'टप १००' देश भित्रको सूचीमा पनि छैन । जबकि कुनैबेला विश्वकै बढी फोहर भएका देशको सूचीमा रहेर चिनिएका कतिपय देशहरूले एक दशककै प्रयासमा आफ्नो देशलाइ सफा देशको सूचीमा राख्न सफल भएका छन् । सफा सूचीको ४२ औं स्थानमा रहेको कोलम्बिया र ७० औं स्थानमा रहेका श्रीलंकाबाट नेपालले धेरै कुरा सिक्न सक्छ । यी देशहरूले पछिल्ला २० वर्षमा फोहर व्यवस्थापन र पानी शुद्धीकरणमा सुरक्षा क्षेत्रमा जति नै लगानी गरेको पाइन्छ ।

सफा नेपाल सम्भव बनाउनका लागि हामी नेपालीमा रहेको बेवास्ता, लापर्वाही तथा समस्याकैबीचमा सम्झौता गरेर बाँच्ने स्वभाव भने परिवर्तन गर्नैपर्छ । यो परिवर्तन सरकारमा बस्नेदेखि प्रतिपक्ष र तटस्थ बस्नेसम्म सबैमा समान ढंगले आउनु आवश्यक छन् । नेपाल प्रकृतिले दिएका अनुपम सम्पदाहरुले भरिपूर्ण देश हो । विश्वका मानिस नेपाललाई प्रकृतिको स्वर्ग भन्छन् ।

हामीसँग विश्वमा अरु कसैसँग नरहेको हावा, पानी र वनौषधिहरु छन् । हाम्रा हिमालमा स्वस्थ, सफा र स्वच्छ हावापानी छ । अधिकांश नदीहरु हिमालबाटै उत्पत्ति भएर बगेका छन् । पर्यावरणका यति धनी हामी सरसफाइका मापदण्डमा विश्वसामु सफा परिचयको पर्याय बन्न भने सकेका छैनौं । संसारकै सफा देशको सूचकाङ्कको सर्वाधिक अग्रस्थानमा उभिन नसक्नु पक्कै पनि खुसीको कुरा होइन ।

आफ्नो कथा आफ्नै अनुभव

'सम्भव छ सफा नेपाल' अभियानको सुरूआत हामी आफ्नै अनुभवबाट गर्न चाहान्छौं । यहाँहरू धेरैलाई थाहा छ या बिर्सिनुभयो केही वर्षअघि अस्ट्रेलियाबाट नेपाल फर्कदा हामीले नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलामा गरेको सफाइ अभियानको चौतर्फी प्रशंसा भएको थियो । त्यो सफाइबाट हामीले सफाई कस्तो हुन्छ भन्ने एउटा नमुना नै प्रस्तुत गरेका थियौं । अन्तर्राष्ट्रिय विमानस्थल विश्वका नागरिक नेपाल आउने र फर्किने प्रवेशद्वार भएकाले हामीले सबैसामु सफाइको नमुना पेस गर्न पनि विमानस्थल छानेका थियौं । पहिलो पटक नेपाल अएको कोही विदेशीले नेपाल प्रवेश गर्नासाथ उसलाई हाम्रो देशप्रतिको दृष्टिकोण राम्रो बन्न सकोस् भनेर पनि हामीले त्यो काम गरेका थियौं ।

त्यो हाम्रो कामबाट हामीले प्रशंसा पाएपछि अर्थात् सबैले राम्रो मानिदिनुभएपछि हामीले नेपालका सबै सम्माननीयसहित तीन सयभन्दा बढी राष्ट्रिय व्यक्तित्वको हस्ताक्षर संकलन गरी तत्कालीन प्रधानमन्त्रीलाई बुझाएपछि नेपाल सरकारले विसं २०७५ लाई राष्ट्रिय सरसफाइ वर्ष घोषणा गरेको थियो । त्यसपछि नेपालको पर्यटन मन्त्रालयले सन् २०२० मा नेपालका दुई दर्जन विमानस्थलको सरसफाइको अनुगमनको जिम्मेवारी दियो र त्यो पनि हामीले नै सफलतापूर्वक सम्पन गरेका थियौं । मलाई लाग्छ देशका विभिन्न विमानस्थलमा एक हदसम्मको सफाइको मापदण्ड हामीले स्थापित गराएका थियौं । तर विमानस्थल प्रशासनहरुले त्यो गुणस्तरलाई कायम राख्न भने नसकेका देखिएकै छ ।

सरसफाइको अनुगमनपछि नेपालमा सरसफाइको खास समस्याको सम्बोधन गर्न २०२२ मा नेपाल सरकार पर्यटन मन्त्रालयको आयोजनामा हामीले सफाइकर्मीहरुका लागि आफ्नो पेसाप्रति गौरव गर्ने र सीपको मूल्याङ्कन हुनेगरी पहिलो पटक तालिम सञ्चालन गर्यौं । हाम्रो यो अभियानबाट हाल एक हजारभन्दा बढी मजदुर तालिमप्राप्त भइसकेका छन् र उनीहरु आआफ्नो काममा छन् । हामी चाहन्छौं हरेक वर्ष राष्ट्रपतिले प्रदान गर्ने विभूषणमा अब सफाइकर्मीको पनि सम्मान हुनुपर्छ । सफाइकर्मी आफ्नो पेसाप्रति गौरव गर्न थालेका छन् र उनीहरुसँग यो पेसासँग समबन्धित सीप भएको प्रमाणपत्र छ । यसरी हेर्दा त लाग्छ नेपाली समाजले सफाइकर्मीहरुलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन आएको छ । हिजोको सफाइकर्मीको परिभाषा आज बदलिएको छ ।

सम्भव छ समाधान

सरसफाइको बहस नेपालको चुलोचौका देखि सर्वोच्च निकायसम्म स्थापित गरिसकेपछि अब सफा नेपाल यसरी सम्भव छ भन्ने कुरातिर लागौं । नेपाल प्राकृतिकरूपमा सफा र उज्यालो छ तर यहाँका धेरैजसो मानवबस्ती भने फोहर र दुर्गन्धित छन् । हामीले स्वीकार गर्नैपर्ने तीतो सत्य हो यो । नेपाललाई अझै पनि सुनको चराको उपमाले चिनाउँदा कुनै गल्ती हुदैन । यहाँका प्राकृतिक वैभव र धर्म संस्कृतिभित्रका रैथाने भाषा, साहित्य एवं पहिचान, अतिथि सत्कार आफैँमा दुर्लभ सौन्दर्य हुन् । तर खानपानदेखि बसाइ व्यवस्थापनसम्मका क्षेत्रमा हामीले सिक्न नपर्ने कुरा विदेशी राष्ट्रहरूको सिको गर्नाले र सिक्नपर्ने कुरा नसिक्नाले हामीले अव्यवस्था र फोहर मात्र निम्त्याएनौं उल्टै आफ्नोपनबाट नै हामी विमुख हुँदैछौं ।

हाम्रो देशमा अझै पनि नीति निर्माणको तहमा हेर्ने हो भने सरसफाइलाई पहिलो प्राथमिकतामा राखेर नीति बन्दैनन् । नत यो प्राथमिकताबाट योजना र कार्यक्रमहरु नै बन्छन् । हाम्रो देशको राजधानी, अन्य सहर वा गाउँ होस् वा गल्ली वा इलाका होस्, जहाँ पनि फोहर जथाभावी फालेको पाइन्छ । हाम्रो देशलाई विकासको सूचकांकमा माथि उठाउन नदिने धेरै तत्व र वस्तुहरुमध्ये फोहरको अव्यवस्था पनि एक हो भन्दा फरक पर्दैन । किनभने फोहरकै कारण हामीकहाँ आएका विश्वका महंगा र महत्वपूर्ण पाहुनाहरु दोहोर्याएर आउन नरुचाएको पनि हुनसक्छ । के यसतर्फ हामीले सोचेका छौं ? के यस्ता विषयमा अनुसन्धान गर्न हामीले फुर्सद र स्रोत निकाल्न सकेका छौं ? अहँ, छैनौं ।

दु:खका साथ भन्नुपर्छ, यहाँ धेरैले धेरै कुरा गरे पनि देशलाई पूर्णतया स्वच्छ बनाउन सफा सपना भयको व्यक्ति अझै भेटिएको छैन । पाँच वर्ष लगातार टिक्न नसकेका हाम्रा दर्जनौं सरकारले सरसफाइका क्षेत्रमा सामान्य कुरा मात्रै गरेका छन् तर एउटा ठोस काम भने गरेका छैनन् । मलाई लाग्छ आज मैले यसो भन्नु भनेको आरोप नभएर खबरदारी मात्र हो । विगतमा यी विषयमा राष्ट्रियस्तरका योजना नबनेका हेइनन् र अभियान नचलेका पनि हेइनन । तर यसले निरन्तरता पाएको देखिएन । सहर र बस्तीका हरेक स्थानमा फोहर संकलन गर्ने टोकरी (बिन) राख्ने कुरा गरियो र राखियो पनि । तर त्यो बिनभित्रको फोहर त्यहाँबाट भोलिपल्टै अर्थात् दैनिक हटाउनेबारेमा भने सोचेको देखिएन ।

आज पनि हाम्रो देशका गाउँमा थोरै घरमा मात्रै शौचालयको सुविधा छ । आज पनि मानिस गाउँघरमा दिसा गर्न खुला स्थलमा बाहिर निस्किने चलन कतैकतै देखिएकै छ । प्लास्टिकका झोला र बोटलहरु गाउँघर, खेतीपातीसम्मै पुगेका छन् । सहरको कुरा गर्ने हो भने पर्याप्त सार्वजनिक शौचालय नै छैनन् । शौचालय भए पनि सफा छैनन्, उल्टै रोग भित्र्याउने किराहरु बग्रेल्ती देखिन्छन् । कलकारखानाबाट निस्कने फोहर, ढल, घरेलु फोहर धेरै छ तर यसको लेखाजोखा नै छैन ।

यस्तो फोहर सडकमा यति धेरैमात्रामा अव्यवस्थित छ कि कतैकतै त हाम्रो देशको सडक नै देखिँदैन, फोहर मात्रै देखिन्छ । त्योभन्दा दु:खको कुरा त यो फोहर हाम्रा पवित्र नदीमा पनि बग्छ । सरकारको अनुहार देखिने सरकारी निकाय वा मन्त्रालय गयौं भने शौचालय सोध्न पर्दैन, गन्धबाटै भेउ पाउन सकिन्छ । शौचालय दाया कुनामा छ कि बायाँ नाक थाप्दै जाँदा आफैं भेटिन्छ ।

नेपालमा अर्बौं लगाएर निर्माण भएका भवन उद्घाटन गर्दा थुप्रिएको फोहर अर्को दिनसम्म सफा नभएका उदाहरण पनि धेरै छन् । सत्तामा कसरी पुग्ने भन्ने खेलका समाचारहरु दिनदिनै पढ्न पाइन्छ तर देशको स्वास्थ्य र सभ्यतासँग जोडिएको सरसफाइका बारेमा नेताका एजेन्डा जनताले सुन्न पाएका छैनन् । कतै घोषणापत्रमा सुनेका भए पनि व्यवहारमा देख्न पाएका छैनन् । यस्तो लाग्छ कि नेपालमा सरसफाइ भनेको केही सफाइकर्मीको रोजगारीसँग र केही अभियन्ताको अभियान सँगमात्रै जोडिएको सामान्य विषय मात्र हो ।

देश सफा गर्ने जिम्मा सफाइकर्मीको मात्र हुँदै होइन । सरकारको नीति र आम नागरिकको भूमिका प्रमुख विषय हुन् । यसका लागि हामीले हाम्रो सोच नै परिवर्तन गर्नुपर्छ । सोच परिवर्तन गर्न सही नीतिका साथ एउटा स्पष्ट योजना र पुग्नुपर्ने लक्ष्य निर्धारित हुन आवश्यक छ । नीति निर्माण गर्दा निर्धारण गरि एका मापदण्डअनुसारको परिणाम देखिनुपर्छ । यी नीतिको अभ्यास नै हुन सकेन, कार्यान्वयनको त झन् के कुरा गर्नु ।

निष्कर्ष : सरसफाइ प्राधिकरण

सरकार र नागरिकस्तरमा सरसफाइ अभियानहरु उद्देश्य प्राप्त नभएसम्म निरन्तर चलिरहनुपर्छ । त्यसका लागि सरसफाइ मात्रै हेर्ने अधिकार सम्पन्न प्राधिकरण बनाउन आवश्यक छ । उक्त प्राधिकरणले नेपालको सरसफाइको आजसम्मको अवस्थाको मूल्याङ्कन गरेर भविष्यमा नेपालले गर्नुपर्ने स्पष्ट मार्ग चित्र बनाएर लागू गर्नसक्छ । 'सफा नेपाल सम्भव' बनाउन यस विषयका विज्ञ, अभियन्ता र जिम्मेवार सरकारी निकायको सहभागिता रहने उक्त प्राधिकरण बन्नु नै अहिलेको महत्वपूर्ण आवश्यकता हो । यो बनाउन ढिला गर्नु पनि हुँदैन ।

द्वन्द्वपछिको समाजमा एकता, शान्ति र स्थिरता कायम गर्न सत्यनिरुपण तथा मेलमिलाप आयोग बने जस्तै सरसफाइको हिसाबले प्राचीनताबाट आधुनिकतातर्फ गइरहेको नेपाली समाजको सफा मानचित्र निर्माण गर्ने एकमात्र उपाय सरसफाइ प्राधिकरण हो । उक्त प्राधिकरणले माथि देखिएको 'सफा नेपालको सुन्दर सपना' पूरा गर्न कम्तीमा निम्न चार काम गर्नेछ ।

स्पस्ट सरसफाइ नीति निर्माण, कार्यान्वयनको ठोस विधि र मूर्त संयन्त्र निर्माण, तत्काल कार्यान्वयन र प्रत्यक्ष तथा परिणाममुखी अनुगमन । यी चार कामकाबारेमा विस्तृत् व्याख्या गर्न हामीले समयमात्र लगानी गर्नुभन्दा पनि योजना निर्माणमा लाग्दा सफा नेपाल सम्भव हुनेछ । यी र यस्तै अन्य एजेन्डाहरुमा बहस त हामी गर्ने नै छौं । तर सफा जमिनमै उभिएर सफा श्वास फेर्दै बहस गर्न पाए कति जाति हुन्थ्यो होला ?

(साभार: रातोपाटी)

तदर्थवादको जोखिममा न्यायपालिका

✍ **टीकाराम भट्टराई**

न्यायपालिकाको सबैभन्दा अन्तिम तहको संरचना र नीतिनिर्माण, न्याय सम्पादन, न्याय प्रशासन, कानुन र संविधानको अन्तिम व्याख्याता एवम् जनताको मौलिक हक संरक्षणको पनि अन्तिम जिम्मेवारी पाएको नेपालको सर्वोच्च अदालत एक वर्षभन्दा लामो समयदेखि तदर्थवादको भुमरीमा परेको छ ।

निवर्तमान प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध आफ्नै सहकर्मी न्यायाधीश र नेपाल बारले उहाँले गम्भीर अनियमितता र न्यायमा विचलन गरेको भन्ने अभियोगमा आन्दोलन सुरु गरेपछि प्रधान न्यायाधीशको कुर्सी अहिलेसम्म खाली छ । प्रतिनिधिसभाले गठन गरेको महाभियोग छानबिन सिफारिस समितिले समेत उहाँलाई महाभियोग लगाउनुपर्ने गरी सुझाव दिएपश्चात् त्यो मामिला अब नवनिर्वाचित प्रतिनिधिसभाको दायित्वमा पुगेको छ । त्यस विषयमा कारबाही कस्तो हुने हो भन्ने सम्बन्धमा कुनै ठोस पूर्वानुमान गर्न सकिने अवस्था छैन । अनि यो विषय अब न्यायपालिकाबाट व्यवस्थापिकाको क्षेत्राधिकारभित्र प्रवेश गरिसकेको हुनाले राजनीतिक तहबाटै उचित निकास निस्कने विश्वास गर्न सकिन्छ ।

तर त्यही चोलेन्द्र प्रकरणको उपउत्पादनका रूपमा रहेको न्यायपालिकाको तदर्थवाद भने अहिले चिन्ता र सरोकारको प्रमुख विषय भएको छ । चोलेन्द्रशमशेर जबरा प्रधान न्यायाधीशको कुर्सीमा बसेर न्याय सम्पादन गर्न अक्षम भएपछि कायम मुकायमका रूपमा प्रधान न्यायाधीश भई दीपककुमार कार्की सेवानिवृत्त भइसकेर हरिकृष्ण कार्कीले कायम मुकायमका रूपमा कार्य प्रारम्भ गरेको पनि चार महिना हुन लागेको छ । यसरी हेर्दा नेपालको न्यायपालिका करिब एक वर्षदेखि नेतृत्वविहीन छ । अझै पनि मुलुकले प्रधान न्यायाधीश कहिले पाउँछ भन्ने अन्योल कायमै छ । जसरी कार्यपालिका र व्यवस्थापिकाको प्रमुख नभई ती संस्थाहरू सुचारु हुन सक्दैनन्, न्यायपालिकामा पनि त्यही मान्यता लागू हुन्छ । प्रधानमन्त्रीबिनाको कार्यपालिका र सभामुखबिनाको प्रतिनिधिसभा कसरी चल्न सक्ला भनी कल्पना गरौं अनि तुलना गरौं न्यायपालिकाको । नेपालको संविधानले प्रधान न्यायाधीशबिनाको न्यायपालिकाको कल्पना गरेको छैन र लामो समयको रिक्तता पनि कल्पना गरेको छैन । प्रधानमन्त्री र सभामुखको रिक्तता पूर्ति गर्न अनेक गठजोड र असम्भवलाई सम्भव बनाउन परिस्थिति नै उलटपुलट गर्ने क्षमता राख्ने हाम्रो राजनीतिक नेतृत्व न्यायपालिका प्रमुखका विषयमा किन उदासीन भएको होलारु? प्रश्न अहिलेको मात्र होइन, चोलेन्द्रशमशेरविरुद्ध एक सय आठ दिनको आन्दोलन गरेपछि हाम्रा अनेक अनुनय विनयपश्चात् मात्र राजनीतिक दलहरू महाभियोगको प्रस्ताव ल्याउन करबलका साथ तयार भएको निकट विगतलाइ सम्झिँदा लाग्छ- हाम्रो राजनीतिक नेतृत्व न्यायपालिकालाई अर्कै टापुको संरचना सम्झन्छ सायद । होइन भने प्रधान न्यायाधीशको नियुक्ति, बजेट र न्यायिक सुशासन भरसक राजनीतिक क्षेत्रको चासोको विषय नै बन्दैन । भन्नलाई शक्ति पृथकीकरणको सिद्धान्तको दुहाई दिएर आफूहरूले धेरै चासो नराखेको भनिन्छ तर अघोषित रूपमा भने उनीहरूको चासो र सरोकार यसमा यिनमा भन्दा अरू नै विषयमा हुन्छ । यथार्थमा न्याय सम्पादन र न्यायप्रशासनमा राजनीतिक क्षेत्रबाट न्यायपालिकामा अहस्तक्षेपको नीति अवलम्बन गरिनुपर्नेमा हाम्रोमा ठीक उल्टो अभ्यास भइरहेको देखिन्छ । शक्ति र सत्तामा भएका नेताहरू मुद्दामामिलाको विषयमै सबभन्दा बढी भनसुन र दबाब दिन लिप्त हुन्छन् जबकि यो विषयतर्फ उनीहरूले छड्के नजर लाउने अधिकार पनि राख्दैनन् । तर जुन विषयमा उनीहरूको सबभन्दा बढी चासो र सरोकार हुनुपर्ने थियो, त्यो उनीहरूको प्राथमिकतामै पर्दैन ।

नियुक्तिका उल्झन

प्रधान न्यायाधीशको कानुन बमोजिमको नियुक्ति राजनीतिक दलहरूको प्राथमिकतामा पर्दैन । किनकि यसबाट उनीहरूलाई तत्काल हात लाग्ने केही पनि छैन न त आफ्नो मान्छे नै राख्न पाइन्छ । प्रधानन्यायाधीशको नियुक्तिको विषय राजनीतिक क्षेत्रको प्राथमिकतामा नपर्नुका केही विशिष्ट कारण छन्, जसलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ ।

पहिलो, प्रधान न्यायाधीशको पदमा राजनीतिक नियुक्ति हुँदैन र अमुक दलको अमुक भागमा पर्दैन जसले गर्दा त्यो नियुक्ति प्राथमिकतामा पर्दैन । प्रधान न्यायाधीश हुन सर्वोच्च अदालतमा कम्तीमा तिन वर्ष काम गरेकै व्यक्ति हुनुपर्छ । अर्को, लोकतान्त्रिक संविधान भएका देशहरूका न्यायपालिकाहरूले अवलम्बन गर्दै आएको असल अभ्यासका रूपमा रहेको अपवादजन्य अवस्थामा बाहेक प्रधान न्यायाधीशको नियुक्तिमा ज्येष्ठतालाई मिचिँदैन । यी दुई संवैधानिक बाध्यताले प्रधान न्यायाधीशको नियुक्तिको विषय राजनीतिक दलको प्राथमिकतामा पर्दैन किनकि तिनीहरू त्यसमा आफ्नो मान्छे पठाउन सक्दैनन् । यदि आफूखुसी मान्छे पठाउन पाइने भए तिनीहरूले रिक्त नहुँदै 'यो मितिदेखि लागू हुने गरी' भनेर अग्रिम नियुक्ति दिइसक्ने थिए ।

दोस्रो, प्रधान न्यायाधीशमा समयमै कसैलाई नियुक्ति नगरेर राजनीतिक दलहरू त्यस पदको लाइनमा रहेका न्यायाधीशहरूलाई प्रभाव र दबाबमा राख्ने चेष्टा गरिरहेका हुन्छन् । तर तिनीहरू के भुल्छन् भने, त्यस्तो दबाब र प्रभाव थेग्न सक्ने क्षमता नभएको वा नैतिक चरित्र स्खलित भएको पात्र नियुक्त भएका बेला, विगतमा हुनेवाला प्रधान न्यायाधीशसँग राजनीतिक क्षेत्रले धेरै लेनदेन गरेका दृष्टान्तका साक्षी हामी तमाम कानुन व्यवसायी र सिंगै न्यायिक जगत्का व्यक्तिहरू, विरोधमा उत्रिने गर्छौं ।

तेस्रो, अधिकांश राजनीतिक नेताहरूमा सामान्तवादी चरित्र पनि हावी भइरहेको हुन्छ । कुनै पनि अवसर वा नियुक्ति पाउने सम्भावित व्यक्तिहरूले मेरो चाकरी गरिदिऊन् भन्ने भित्री चाहना उनीहरूमा हुन्छ ।

बाँकी पृष्ठ-३ मा...

नेपालीहरू गैरकानूनी रूपमा कसरी छिर्छन् अमेरिका ?

काठमाडौँ/अमेरिका जानु धेरैको सपना हो । त्यो सपना पुरा गर्नको लागि हर सम्भव प्रयास गर्छन् । त्यसका लागि लाखौं रुपैयाँ खर्च पनि तयार हुन्छन् । यतिमात्र नभएर महिनौं हिँडेर जान पनि तम्सिन्छन् । अमेरिका सपना देखेपछि अरू दुःख, पीडा सबै भुलिदिन्छन् । यो नेपालीको मात्र नभएर संसारका अधिकांश मुलुकका मानिसको सपना हो ।

नेपालबाट महिनामा एक हजार भन्दा बढी नेपाली अमेरिका पुग्छन् । त्यो पनि अवैध बाटोको प्रयोग गरेर । त्यसका लागि महिनौं हिँड्छन् । ५० देखि ८० लाख रूपैयाँसम्म खर्च गर्छन् । त्यो पनि नेपालमा सुखी र सम्भ्रान्त भनिएको वर्ग नै यसका लागि तछाड मछाड गर्छन् । गरिबहरूको गन्तव्य खाडी मुलुक हुन्छ उनीहरूले कसरी अमेरिकाको बारेमा सोच्न सकुन् ।

भारतको बाटो हुँदो कोलम्बिया टार्गेट बनाएर दलालहरूले लैजाने गरेको पाइन्छ । लामो समयदेखि कोलम्बियामा बस्दै आएका छत्र मैनालीले यस विषयमा अध्ययन गरेका छन् । अध्ययनका लागि उनले नेपाली, भारतीय र बंगलादेशका गरी ५ हजार भन्दा बढीसँग प्रत्यक्ष कुराकानी गरेका छन् ।

कोलम्बियाको बोगोटामा बस्दै आएका मैनालीले केही समयमा त्यहाँको इमिग्रेसनमा नेपाली भाषा अनुवादकका रूपमा काम समेत काम गरेका थिए । अहिले नेपालमा आएका उनले नेपालीहरू कसरी अमेरिका जान्छन् भन्ने विषयमा सञ्चार कर्मीहरूसँग अन्तरक्रिया गरेका छन् ।

मानव तस्करको सम्पर्कमा आएर उनीहरू जोखिमपूर्ण यात्रा गरेर अमेरिका जाने गरेको उनको भनाई छ । पत्रकार सम्मेलनमा उनले भनाईको सम्पादित अंश :

हरेक गाउँ घरमा स्थानीय एजेण्ट हुन्छन् । विशेषगरी पश्चिम नेपालतिर यस्तो गिरोह बढी सक्रिय देखिन्छ । उनीहरूले गाउँका युवालाई ग्यारेन्टीका साथ अमेरिका पुऱ्याइदिने सपना बाँड्छन्, अनेक प्रलोभन देखाउँछन् । यसरी दूरदराजका युवा अमेरिका उडाइदिने सर्तमा मानव तस्करले २० देखि ५० लाख रुपैयाँ माग्छन् । पैसा तिरेपछि उनीहरूको नर्कको यात्रा सुरु हुन्छ । जीवनको आशा नै मारेर 'मिसन अमेरिका' बनाएर मात्र जाने हो ।

नयाँ दिल्ली हुँदै विभिन्न देशको बाटो प्रयोग गराउँदै कोलम्बियामा पुऱ्याउँछन् । त्यसै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बाटो प्रयो गरेर समेत नेपालीलाई 'अनअराइभल भिसा' दिने सिंगापुर वा गाम्बिया, ब्राजिल लगायत देशसम्म हवाई मार्गबाट पुऱ्याउँछन् ।

मैले २ वर्ष जति कोलम्बियास्थित इमिग्रेसनमा नेपाली भाषा अनुवादकका रूपमा काम गरेको थिए । त्यही क्रममा पकाउ परेका नेपाली युवासँग अन्तर्वार्ता लिने अवसर जुरेको थियो । त्यस क्रममा अवैध रूपमा अमेरिका छिर्न खोज्दा समातिएका दर्जनौं नेपालीसँग कुराकानी गरे ।

विश्वका कुनै पनि मुलुकबाट अवैध रूपमा अमेरिका छिर्न दक्षिण अमेरिकाका ब्राजिल, बोलिभिया, सुरिनाम, गुयना, पेरु वा चिलीमध्ये कुनै एक मुलुकमा हवाइ मार्गबाट जानुपर्छ । त्यहाँबाट अमेरिका पुगेपछि जसरी भए पनि त्यहाँबाट अमेरिका पुग्नैपर्छ भन्ने मानसिक दबाब पर्छन् ।

हरेक ल्याटिन अमेरिकी देशमा रहेका दलालले अत्यन्त जोखिमसाथ उनीहरूलाई स्थल वा जलमार्ग पार गराउँदै मेक्सिको पुऱ्याउँछन् । मेक्सिको अमेरिका छिर्ने एक मात्र मार्ग हो ।

ल्याटिन अमेरिकी मुलुकबाट

मेक्सिकोसम्म पुग्न स्थल र जलमार्ग प्रयोग गर्नुपर्छ । स्थलमार्गबाट जाँदा कैयौं दिनसम्म हिँड्नुपर्ने भएकाले कतिपयले मेक्सिकोसम्म पुग्न हवाइजहाज पनि प्रयोग गर्छन् ।

यतिसम्म कि त्यो देशमा पुगेपछि एजेण्टलाई पैसा खुवाएर स्थानीय नाममा नै पासपोर्ट बनाइ दिएका हुन्छन् । त्यहीको स्थानीय नाम, स्थानीय ठेगाना राखेर नक्कली पासपोर्ट बनाइदिन्छन् ।

यस्तो नक्कली पासपोर्ट बोकेर ल्याटिन अमेरिकी मुलुकमा यात्रा गर्ने क्रम बढ्दो क्रममा छ ।

अवैध आप्रवासीलाई बस, ट्रक र कन्टेनरमा राखेर मेक्सिकोसम्म पुऱ्याउने गरिन्छ । मैले अध्ययन गरेसम्म ९८ प्रतिशतभन्दा बढी आप्रवासीलाई ट्रक र कन्टेनरमा लगिएको थियो ।

बाटोमा रूट पर्ने हरेक देशका स्थानीय दलाललाई पैसा दिइएको हुन्छ । उनीहरूले आफ्नो देशको सीमा कटाएर अर्को देशको सीमासम्म छोड्ने काम गर्छन् । त्यहाँबाट अर्को देशको दलालको जिम्मामा पर्छ । अर्को मुलुकमा फेरि अर्को दलाल तयार भएर बसेको हुन्छ । बीचमा कुनै बाधा-व्यवधान भएन भने नेपालबाट हिँडेको व्यक्तिहरू कतीमा दुई साताभित्र युवाहरू ल्याटिन अमेरिका पुग्छन् । ट्रान्जिट, भिसा र अन्य प्रक्रियाले गर्दा अलि बढी समय पनि लाग्न सक्छ । यी सबै प्रक्रिया दलालले नै सेटिङमा मिलाउँछन् ।

धेरै नेपालीसहित भारतीय र बंगलादेशीहरू सुरुमा ब्राजिल पुग्छन् । त्यहाँसम्म उनीहरू हवाई यात्राबाट समेत जाने गरेका छन् । त्यहाँसम्म वैध भएर गएपनि त्यहाँबाट उनीहरूको अवैध यात्रा सुरु हुन्छ । उनीहरूले ब्राजिलमा पाइला टेकेपछि स्थलमार्गबाट यात्रा अगाडि बढ्छ । त्यहाँबाट पेरु इक्वेडोर, कोलम्बिया, पानामा र कोस्टारिका हुँदै दलालले मेक्सिकोसम्म पुऱ्याउँछन् ।

उनीहरू ब्राजिल हुँदै कोलम्बिया आइपुग्छन् । यसबीचको यात्रा, होटल र खानपानको व्यवस्था हरेक देशका दलालहरूले मिलाउँछन् । कोलम्बियाबाट नर्जन जंगलको ४ दिनको बाटो पैदल हिँडेर पानामा पुग्छन् । प्रहरीको आँखा छलेर राति जंगलको बाटो हिड्ने गरेका छन् ।

कतिपय अवस्थामा स्थानीय दलालले डुंगाबाट समुद्रको बाटो हुँदै पानामा पनि पठाउँछन् । भने बढी पैसा खर्च गर्न तयार भएमा दलालले हवाई जहाज वा हेलिकोप्टर चार्टर गरेर भएपनि पानामासम्म पुऱ्याईदिन्छन् ।

जंगलको बाटोमा हिँडेर जाँदा भने निकै नै दुःख र कष्ट भोग्नुपर्छ । कतिपयको त हिड्दा हिड्दै बाटोमा नै ज्यान जान्छ ।

जंगलमा हिड्दा समूह बनाएर जाने हो । लामो समय हिड्दा हिँदै कोही हिड्न नसक्ने भयो भने अरू कसैले सहयोग गर्दैनन् । हिड्न नसक्नेलाई त्यही छोडेर समूह अगाडि बढ्छ । एकदमै निर्दयी भएर हिँड्छन् । बोकेर हिड्दा भोलि आफ्नु पनि हिड्न नसक्ने भयो कसले बोक्छ उनीहरूको मनमा त्यो प्रश्नले प्रश्रय पाइरहेको हुन्छ । जसले गर्दा उनीहरूले आफ्नुले तिरेको लाखौं रुपैयाँ सम्भिछन् अनि मिसन अमेरिकामा लाग्छन् ।

त्यसरी अवैध बाटो हुँदै अमेरिका जानेमा भारतीय सबैभन्दा धेरै हुन्छन् । त्यसपछि दोस्रो नम्बरमा बंगलादेशी पर्छन् । नेपालीहरू तेस्रो नम्बरमा दक्षिण एसियाबाट त्यसरी अवैध बाटो हुँदै अमेरिका जाने क्रममा हरेक दिन बढ्दो क्रममा छ ।

अगाडि बढ्ने क्रममा दलालहरू निहुँ खोज्छन् । थप पैसा मागिरहन्छन् । थप पैसा निदिएको खण्डमा महिनौंसम्म पनि अमेरिका नपठाउने, अनेकन घटनामा फसाईदिने सम्म गर्छन् ।

अनेकन दुःख कष्ट गरेर नेपालीहरू पानामा प्रवेश गर्छन् । कोलम्बिया प्रवेश गर्छन् । त्यहाँ उनीहरूले आफुले बोकेको नेपाली पासपोर्ट तथा अन्य डकुमेन्ट नष्ट गर्छन् । पानामास्थित क्याम्पमा केही दिन बसेपछि पानामा इमिग्रेसनले देश छाड्नका लागि उनीहरूलाई 'कन्ट्री एक्जिट पेपर' दिन्छ, त्यो पेपर भएपछि उनीहरू खुलेआम पानामाभरि घुम्न पाउँछन् ।

पानामाबाट दलालले व्यवस्था गरेको बस, ट्रकजस्ता सवारी साधन चढेर उनीहरू कोस्टारिक पुग्छन् । त्यसपछि निकारागुवा र होन्डुरसमा रातिराति लुकेर-छलिएर कहिले ट्रक त कहिले जंगलको बाटोमा पैदलयात्रा गर्दै उनीहरू ग्वाटेमाला पुग्छन् । त्यहाँबाट दलालले उनीहरूलाई डुंगामा चढाएर मेक्सिकोको सिमावर्ती तापाचुला सहरसम्म पुऱ्याइदिन्छन् र त्यहाँ रहेको 'इमिग्रेन्ट क्याम्प' मा शरण लिन्छन् । त्यहाँ केही दिन बस्छन् ।

मेक्सिकोको कानुन अनुसार बहिरबाट आएका शरणार्थीले केही दिनभित्रै देश छाड्नुपर्ने हुन्छ । त्यही प्रावधान अनुसार त्यहाँ पुगेका नेपालीलाई मेक्सिको सरकारले 'कन्ट्री एक्जिट पेपर' दिन्छ । त्यो पेपर बोकेर उनीहरू अमेरिकाको बोर्डर तिर लाग्छन् ।

तापाचुलाबाट त्यहाँ रहेका दलालले राति अमेरिकाको क्यालिफोर्निया राज्यको सान-डिएगोस्थित बोर्डरसम्म छाड्छन् । त्यहाँबाट नेपाली युवाले पर्खाल नाघेर अमेरिकाको भूमिमा टेकेपछि दलालको काम सकिन्छ ।

मेक्सिको र अमेरिकाको पर्खाल नाघ्नको लागि भऱ्याङ किन्छन् । त्यही भऱ्याङमार्फत पर्खाल नाघ्ने र काम सकिएपछि भऱ्याङ त्यही छोडिदिन्छन् । अमेरिका पुगेपछि दलाल जिम्मेवारी मुक्त हुन्छ । अमेरिका छिरेपछि इमिग्रेसनले समातेर केरकार गऱ्यो वा डिपोर्ट गऱ्यो भने पनि दलाल जवाफदेही हुँदैन । दलालको काम भनेको जसरी पनि अमेरिकासम्म छिराइदिने हो । अमेरिका पसेपछि उनीहरू आफै जवाफदेही हुनुपर्छ ।

दक्षिण एसियाका भारत, बंगलादेश र नेपालबाट मात्र नभई मध्यपूर्व तथा अफ्रिकाका द्वन्द्वग्रस्त मुलुकबाट पनि ठूलो संख्यामा आप्रवासी ल्याटिन अमेरिका हुँदै अमेरिका छिर्छन् । कोरोना महामारीको बेला समेत त्यसरी जानेको लर्को थियो । यसरी मानव तस्करीमा संलग्न रहेको अन्तर्राष्ट्रिय गिरोहलाई कसैले पनि कारवाहीको दायरमा ल्याउन सकेको छैन् । यसमा कूले अन्तर्राष्ट्रिय गिरोहको हात छ, जसलाई प्रहरी, प्रशासन र राजनीतिकर्मीको समेत संरक्षण रहेको देखिन्छ ।

कुराकानी गर्ने क्रममा त्यसरी जोखिमपूर्ण यात्रा गरेर अमेरिका छिर्न चाहनुको कारण देशको अस्थिर राजनीतिक अवस्था नै बताउने गरेका छन् । मैले ५ हजार भन्दा बढीसँग कुरा गर्दा अधिकांशको भनाई देशमा बसेर केही प्रगति हुँदैन, अनि त्यहाँ बसेर के गर्नु ? भन्ने खालको मात्र हुन्छ । हाम्रो देशको विकास भएको भए हामी यसरी दुःख गरेर अर्कोको देशमा शरण माग्न नआउने उनीहरूको भनाई हुन्थ्यो ।

(रातोपाटीबाट)

बढी धुवाँ फाल्ने २७ सवारी साधन कारवाहीमा

काठमाडौँ/वन तथा वातावरण विभागले काठमाडौँ उपत्यकामा मापदण्डभन्दा बढी धुवाँ फालेर वायुप्रदूषण गराउने २७ वटा सवारी साधनलाई कारवाही गरेको छ । काठमाडौँको बबरमहलमा वातावरण विभाग तथा ट्राफिक प्रहरीद्वारा गरिएको प्रदूषण जाँचका क्रममा मापदण्डभन्दा बढी धुवाँ फालेर २७ वटा गाडीलाई जरिवानासहित कारवाही गरिएको विभागका महानिर्देशक वनराज घिमिरेले जानकारी दिए ।

उनका अनुसार कारवाहीमा परेका गाडीमा भाडाका मिनीबस १४, पिकअप भ्यान आठ, भाडाका माइक्रोबस तीन र कार दुई छन् । वातावरण विभाग बबरमहल र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्तरूपमा खटिएको टोलीले बबरमहलमा ५३ वटा सवारीसाधन जाँच गर्दा २७ सवारी साधान कारवाहीमा परेका हुन् ।

गाडी मर्मतपछि तोकिएको जरिवाना तिरी ट्राफिक प्रहरीले नियन्त्रणमा लिएका कागजपत्र फिर्ता दिने जनाइएको छ । मापदण्डभन्दा बढी धुवाँ फाल्ने सवारी चलाउँदा वायु प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा गम्भीर समस्या हुनुका साथै दुर्घटनाको जोखिमसमेत हुने भएकाले सवारी साधनको अवस्था जाँच गरी चुस्तदुरुस्त अवस्थामा राख्न चालकलाई उपत्यका ट्राफिक प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक तथा प्रवक्ता राजेन्द्र प्रसाद भट्टले अनुरोध गरेका छन् ।

सशस्त्र युद्धमात्र राजनीतिक उपलब्धी हो भन्ने मान्यता तोड्नुपर्छ : ज्ञानेन्द्र शाही

काठमाडौं/सांसद ज्ञानबहादुर शाही (ज्ञानेन्द्र शाही)ले सशस्त्र युद्ध र सडक आन्दोलनबाट मात्र राजनीतिमा स्थापित भइन्छ भन्ने मान्यता तोडिदै गएको बताएकी छन् ।

शनिबार प्रतिनिधिसभामा उपसभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा राना मगरलाई समर्थन गर्दै उनले समाजसेवा र नागरिकको सेवाबाट पनि राजनीतिमा स्थापित हुन सकिने बताए ।

उनले भने, 'राजनीतिक उपलब्धी भनेको सिर्फ सशस्त्र युद्ध वा सडक आन्दोलनबाट स्थापित हुन्छ भन्ने मान्यतालाई तोड्नु र समाजसेवा र नागरिकको सेवाबाट पनि राजनीति स्थापित हुन्छ भन्ने स्थापित गर्नु भनेको कुनै व्यक्ति र दलको समर्थन गर्नु होइन ।'

सांसद शाहीले भ्रष्टाचारको फड्ल अख्तियारको दराजमा धुलो लागेर थन्किएको तर कारवाही नभएको बताए ।

विदेशमा भ्रष्टाचार आरोपमा पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, बहालवाला प्रधानमन्त्री र उच्च ओहोदाका व्यक्ति जेल गएको र कारवाही भएको भन्दै सांसद शाहीले नेपालमा पनि त्यस्तै हुनुपर्ने बताए ।

तदर्थवादको जोखिममा...

पदविशेष लामो समयसम्म खाली राखिदिँदा नियुक्तिमा पर्ने व्यक्तिले मेरो चाकरी गर्छ वा भोलि नियुक्त भएपछि पनि मेरो भनसुन लाग्छ भन्ने चाहनाकै कारण नेतृहरू आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न जानीबुझीकन तत्पर हुँदैनन् । अनि नियुक्तिमा पर्ने कतिपय व्यक्तिसमेत त्यस्तो चाहनाको सिकार भएको पनि हामीले देखेकै छौं । प्रधान न्यायाधीशदै नियुक्तिमा पनि विगतमा यो प्रवृत्ति देखिएको र भोगिएकै हो ।

चौथो, संविधान बमोजिम प्रधान न्यायाधीश हुने योग्यता पुगेका एकभन्दा बढी उम्मेदवार भएको अवस्थामा आफूभन्दा अगाडिकोलाई त्यस पदमा पुगनबाट रोकी आफू नियुक्त हुन राजनीतिक नेतृत्वसँग अनेक अनुनय-विनय र चाकरी-चाप्लुसी गरेर लामो समयसम्म नियुक्ति प्रक्रियामा अवरोध गर्ने प्रवृत्ति पनि हामीले देखेकै हौं ।

पाँचौं, प्रधान न्यायाधीशका रूपमा नियुक्त हुने व्यक्ति नैतिक र चरित्रवान् छ अनि भनसुन र भ्रष्टाचारका आधारमा मुद्दाको छिनोफानो गर्दैन भन्ने देखिएका बेला उसको नियुक्ति रोक्न दलाल र बिचौलियाहरू क्रियाशील हुने गर्छन् । अर्बौंको सम्पत्तिका वा अन्तर्राष्ट्रिय व्यापारिक प्रतिष्ठानका वा जन्मकैदसम्म हुन सक्ने विवादहरू पनि अदालतमा विचाराधीन हुन्छन् । त्यस्ता विवादका पक्षहरू आफू अनुकूलको न्यायिक नेतृत्व आओस् भन्ने चाहन्छन् । नेपाल दलाल पुँजीवादको उन्मुक्त क्रीडास्थल हो र दलाल पुँजीवादले असंख्य एजेन्टहरू पालेको देश पनि हो । त्यस्ता एजेन्टहरूले राजनीतिक नेतृत्वलाई सहजै हातमा लिएका हुन्छन् र उनीहरू त्यही चाहना न्यायपालिकामा पनि राख्छन् । यही कारण पनि प्रधान न्यायाधीशको नियुक्तिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो र सरोकार सन्निहित भएको हुन्छ । त्यस्ता तत्त्वहरूको रोजाइ न्यायपालिकामा तदर्थवादको निरन्तरता नै हुन्छ ।

यी केही प्रतिनिधिमूलक प्रवृत्ति मात्र हुन्, अरू कारण पनि हुन सक्छन् । तर कारण जेसुकै भए पनि न्यायपालिकाको नेतृत्व लामो समयसम्म रिक्त रहनुले न्यायपालिकाको गरिमा, साख र कार्यक्षमतामा गम्भीर असर पर्ने स्वतःसिद्ध छ । मूल नेतृत्व नै यसरी तदर्थवादमा गुज्रिरहँदा न्यायपालिकामा कार्यरत न्यायकर्मी र सिँगै न्याय प्रशासनको मनोबल र आत्मविश्वास स्वतः कमजोर र त्यसले अवाञ्छित परिणाम निम्त्याउने हुन्छ ।

एउटा विश्वास

प्रधान न्यायाधीश सम्मयमै नियुक्ति हुन नसक्नुका तमाम कारणबारे चर्चा गरिरहँदा के भुल्न हुन्न भने, वर्तमान कायम मुकायम प्रधान न्यायाधीशप्रति सिँगै न्यायिक जगत्को अटल विश्वास छ, राजनीतिक भनसुन, बिचौलियाको प्रभाव वा चाकरी र चाप्लुसीको भरमा उहाँ आफ्नो नियुक्तिमा लागिपर्नु हुन्न भनेर । न्यायाधीशका रूपमा हालसम्मको कार्य सम्पादन र विगतमा कानुन व्यवसायीका रूपमा अर्जित विश्वास र नैतिक चरित्रका आधारमा त्यसरी दुक्क परिएको हो । उहाँकै नेतृत्वमा तयार भएको न्यायपालिकाभित्रको विकृति, विसंगति र भ्रष्टाचारबारेको प्रतिवेदनले औंल्याएका विषयवस्तु हेर्दा उहाँले न्यायपालिकालाई पथ-विचलित तुल्याउनुहोला वा आफ्नो नियुक्तिका लागि अवाञ्छित सम्झौता गर्नुहोलाजस्तो लाग्दैन । बरु डरचाहिँ के छ भने, ती सबल पक्षहरू नै उहाँको नियुक्तिका लागि कतै बाधक त बन्ने होइनन् ? उहाँबाट अन्यथा हुँदैन भन्नेमा हामी विश्वस्त छौं । हाम्रो विश्वासको परीक्षाको घडी पनि सन्निकट छ ।

संवैधानिक इजलासमा विचाराधीन पेचिला संवैधानिक विवादहरूको निरूपणमा उहाँको नेतृत्वकौशल र अप्रभावित व्यक्तित्वको परीक्षा हुनेवाला छ । हामी आशावादी छौं, उहाँ यो परीक्षामा पनि निर्विवाद रूपमा उत्तीर्ण हुनुहुनेछ ।

आसन्न जोखिम

तदर्थवादमा चलेको न्यायिक नेतृत्व अहिले आसन्न जोखिमले घेरिएको छ । प्रधान न्यायाधीशको नेतृत्वमा रहेको न्यायाधिकरण्को काम ठप्प छ । उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरूको नियुक्ति प्रक्रिया रोकिएको छ । गम्भीर विवादमा फसेका वा अन्य सामान्य आरोप लागेका न्यायाधीशहरूलाई विभागीय कारवाहीको प्रक्रिया लामो समयदेखि थाती छ । आफैले निर्माण गरेको कार्की प्रतिवेदन बेवारिसे हुन लागेको छ । विकृति र विसंगतिको संरक्षकका रूपमा रहनुभएका चोलेन्द्र शमशेरको कार्यकालसम्म सकिएको छ तर चोलेन्द्र प्रवृत्तिको निराकरण भइसकेको छैन । न्यायपालिका सुधारका योजना र कार्यक्रमहरू यथावत् छन् । गरिब, निमुखा र आवाजविहीनहरूका मुद्दा दशकौंदेखि विचाराधीन छन् । अनेक जुक्ति र दाउ लगाएर बनेको सातदलीय गठबन्धनका तर्फबाट न्यायपरिषद्मा पदेन सदस्यका रूपमा प्रतिनिधित्व गर्ने कानुनमन्त्रीको चाहना अनि आफ्नै नियुक्तिको सिफारिस गर्ने प्रधानमन्त्री र विपक्षी दलको नेताबीचको सन्तुलन कायम गरेर अघि बढ्नुपर्ने बाध्यतालेनिम्त्याउने जोखिमलाई परास्त गर्ने चुनौतीसमेत काम् प्रधान न्यायाधीशको काँधमा छ ।

एउटा गलत अभ्यास

पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउने सत्तारूढ गठबन्धनको न्यूनतम साझा कार्यक्रमको एउटा बुँदामा भनिएको छ, 'अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गरी त्यसको सुझाव र सिफारिसका आधारमा न्यायपालिकामा संरचनागत परिवर्तन र सुधार गर्ने र आम नागरिकले सहज, सुलभ र निष्पक्ष न्याय पाउने सुनिश्चितता गर्ने... ।' झट्ट हेर्दा आवश्यकीय र उचित लाग्ने यो बुँदाले स्वतन्त्र न्यायपालिकामा गम्भीर प्रहार गरेको छ । न्यायपालिकाको सुधार गर्न कार्यकारिणीले बनाउने आयोग र त्यसको सिफारिस चाहिने हो भने न्यायपालिका सुधार कार्यपालिकाको अधिकार क्षेत्रको विषय हुनेछ । न्यायपालिका सुधारको पहिलो सरोकार स्वयं न्यायपालिकाकै हो । हामी आफैं भनिरहेका छौं - न्यायपालिकामा आमूल सुधारको खाँचो छ । तर कस्तो सुधार भन्ने विषय कार्यपालिकाको नभएर स्वयं न्यायपालिकाको भएकाले त्यस्तो आयोग न्यायपालिकाको संलग्नताबिना बन्न सक्दैन र बन्नु पनि हुँदैन ।

राजनीतिक तहले न्यायपालिकाको सुधारका एजेन्डा तयार गर्ने परिपाटी बसालियो भने न्यायपालिकाको स्वतन्त्रता गम्भीर रूपले जोखिममा पर्छ । यो विषयमा सर्वोच्च अदालतको पूर्ण बैठक र नेपाल बारको ध्यानाकर्षण हुनु जरुरी छ । कहाँ कस्तो सुधार भन्ने विषय बारसहितको सहमतिमा स्वयं न्यायपालिकाले तय गर्छ र त्यसको सिफारिसको कार्यान्वयनसम्म कार्यपालिकाको तहबाट गरिने हो । कार्यपालिकाको चाहना अनुसार न्यायपालिकाको संरचनागत सुधार हुन सक्दैन, गर्नु हुँदैन पनि ।

अन्त्यमा यति भनौं, न्यायपालिकाको तदर्थवाद अविलम्ब अन्त्य गरिनुपर्छ । तर प्रधान न्यायाधीशका रूपमा नभए पनि कायम मुकायका रूपमा पदीय कर्तव्य निर्वाह गर्न संविधानतः कुनै बाधा-विरोध नभएकाले आफ्नो नियुक्तिको सुनिश्चितता होइन, आफू रहन्जेल आफैले तयार पारेको प्रतिवेदनको कार्यान्वयन गर्दै न्यायपालिकाको सुधारमा कोसेढुंगा बन्ने अभूतपूर्व अवसर वर्तमान न्यायिक नेतृत्वसामु छ । समयको गणना होइन, त्यही समयभित्र के गर्न सकिन्छ भन्ने चिन्तनमा कायम मुकायम प्रधान न्यायाधीशको ध्यान-दृष्टि जाओस् । त्यस कर्ममा तमाम कानुन व्यवसायी उहाँलाई सहयोग गर्न तम्तयार छन् । तर तदर्थवादको निरन्तरता कुनै पनि सर्तमा स्वीकार्य छैन ।

(साभार: ई-कान्तिपुर)

हेटौंडामा चक्कु प्रहारबाट एकजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ हेटौंडामा चक्कु प्रहारबाट एकजना घाइते भएका छन् ।

हेटौंडा-१७, चुच्चेखोलामा चक्कु प्रहारबाट १८ वर्षीय जोधाकुमार सहनी घाइते भएका हुन् । भारत मोतिहारी जिल्ला घर भई हाल हेटौंडा-४, कमलडाँडा बसेर कबाडीको काम गर्दै आएका उनलाइ मादक पदार्थ सेवन गरी हेटौंडा-१७, हटियाका ३२ वर्षीय सन्तोष राई र हेटौंडा-९, लामुसेरका १९ वर्षीय सुशील मोक्तानले सहनीलाई चक्कु प्रहार गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । चक्कु प्रहारबाट घाइते सहनीलाई आफन्तले उपचारका लागि हेटौंडा अस्पताल ल्याएका छन् ।

सहनीको छातीको दाहिने भागमा चोट लागेको र अवस्था मध्यम रहेको प्रवक्ता कार्कीको भनाइ छ । वडा प्रहरी कार्यालय हेटौंडाबाट प्रहरी निरीक्षक केशर न्यौपाने र अस्थायी प्रहरी पोष्ट हटियाबाट प्रहरी सहायक निरीक्षक पंकजकुमार झाको कमाण्डमा खटिएको संयुक्त टोलीले राई र हेटौंडा-९, लामुसेरका १९ वर्षीय सुशील मोक्तानले सहनीलाई चक्कु प्रहार गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याई थप अनुसन्धान गरिरहेको प्रवक्ता कार्कीले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रूपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टिज सित्तैमा लैजानुहोस् ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदिखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

मनहरीमा व्यवस्थित बसर्पाक निर्माणसँगै चार्जिङ स्टेशन राख्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ पूर्व-पश्चिम राजमार्गसँग जोडिएको मनहरी गाउँपालिकाले दुरगामी प्रभाव पार्ने व्यवस्थित बसर्पाक र चार्जिङ स्टेशन निर्माणको तयारी थालेको छ ।

व्यवस्थित बसर्पाक निर्माण गरेर स्थानीयको यातयात सुविधामा सहजतासँगै स्थानीयस्तरको अर्थतन्त्र चलायमान बनाउने र विद्युतीय सवारीसाधनको प्रयोग बढ्दा प्रयोग हुन आउने चार्जिङ स्टेशन बनाउने तयारी गाउँपालिकाले गरेको हो । मनहरीमा व्यवस्थित बसर्पाक छैन् । जसकारण पूर्व-पश्चिम राजमार्गमा चल्ने यात्रुबाहक बसहरु धेरै समय रोकिँदैनन् । यसरी बस नरोकिँदा यात्रुलाई सास्ती हुनुका साथै स्थानीयस्तरमा आर्थिक चलायमान हुन नसकेको हो । मनहरी जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र हो । राक्सिराङ, कैलाश गाउँपालिकामा उत्पादित कृषि उपजहरु मनहरी आउने गरेका छन् भने यहाँबाट हेटौंडादेखि चितवनसम्म पुऱ्याइने गरिएको छ ।

मनहरी गाउँपालिका-८ बेलुवास्थित बगर क्षेत्रमा बसर्पाक र चार्जिङ स्टेशनसहितको भौतिक संरचना निर्माण गर्ने योजनाअनुसार गाउँपालिकाले छलफल चलाउन सुरु गरेको छ । गाउँपालिकाले मनहरीका प्रमुख राजनीतिक दलहरुसँग बसर्पाक र चार्जिङ स्टेशनका सम्बन्धमा छलफल गरेको हो । छलफलमा सबै राजनीतिक दलले गाउँपालिकाको निर्णयलाई स्वागतसँगै आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । बसर्पाक र चार्जिङ स्टेशन निर्माणमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायतका दलहरूले प्रतिबद्धता जनाएका हुन् ।

नेताहरुले सार्वजनिक जग्गा संरक्षण गरी गर्न लागेको विकास कार्यलाई पूर्ण साथ रहने बताएका हुन् । सरकारी निकायका सरोकारवालाहरुले पनि संविधानले दिएको सम्पत्तिको हकको समेत सम्मान र बचाउ गर्दै सार्वजनिक जग्गामाथि भइरहेको अतिक्रमण रोक्नुपर्ने जोड दिए । नेपाली कांग्रेस मनहरी गाउँ समिति सभापति प्रकाश बर्तौंलाले बसर्पाक र चार्जिङ स्टेशन निर्माण गर्ने योजनाले खुशी बनाएको बताए । बेलुवाको सार्वजनिक क्षेत्रमा सुकुम्बासी बस्ती बढेको र बस्ती अव्यवस्थित भएको कारण सुन्दरता हराएको उनको भनाई छ । बेलुवाको १ सय ४८ बिघा क्षेत्रलाई व्यवस्थित गर्ने गरी बनाइएको डिपिआरमा व्यक्तिगत सम्पत्ति संरक्षण गर्ने वा सो सम्बन्धमा कहींकतै सम्बोधन नभएको उनले बताए ।

बेलुवामा क्रसर उद्योगहरुले हडपेको जग्गाबारे कसले बोल्ने ? भन्दै कार्यक्रममा प्रश्न गरे । क्रसर उद्योगले हडपेको जग्गा हटाउनु पर्ने उनको भनाई छ । 'त्यसैले व्यक्तिको जग्गा कहाँनिर हो ? मालपोत कार्यालयबाट लगत भिकाएर नापी गरेर छुट्याइनुपर्छ । र, हटाउने भनिएका बस्तीका मानिसहरुलाई पनि हामी समृद्ध मनहरी निर्माण यसरी गर्दैछौं, यहाँको बस्तीलाई यसरी व्यवस्थित गर्दैछौं भनेर सम्झाइ बुझाई गर्न सक्नुपर्छ । हामी विकास विरोधी होइनौं ।,' उनले भने । नेकपा एमालेका नवीन सुवेदीले बेलुवामा बसपार्कसहितको संरचना बन्ने कुरा सबैको लागि गर्वको विषय भएको बताए । 'अतिक्रमित जग्गा बचाउने दायित्व स्थानीय सरकारको हो । ९ वटै वडामा रहेका त्यस्ता जग्गाहरु अतिक्रमण हुन रोकिनुपर्छ । डिपिआर अनुसार नै काम अघि बढाइयोस् ।,' सुवेदीले भने । बेलुवामा सुकुम्बासीका नाउँमा हुकुमबासीहरु छन् भने त्यसको छानबीन गर्नुपर्ने उनको जोड छ ।

नेकपा माओवादी केन्द्र मनहरीका नेता सञ्जीव पाठकले अहिले डिपिआर बनाएर अघि बढेको क्षेत्र बसपार्क बन्ने र यो बसपार्क र मनहरीलाई मध्य क्षेत्र मानेर रसुवागढी नाकासम्म जोड्ने बाटोको समेत परिकल्पना गरिएको बताए । 'अहिले जहाँ तटबन्धन गरियो, त्यहाँ केही मिटर मिचेर बनाउने गरिएको छ । त्यहाँ निस्केको नदी उकास जग्गालाई नापजाप गरी जग्गा निकाल्ने कुरालाई पनि ध्यान दिऔं,' उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का निराजन बर्तौंलाले सार्वजनिक जग्गाको उचित संरक्षण गर्नु विषयमा सहयोग हुने बताए । राप्रपा मनहरीका नेता नरहरि सुवेदीले सार्वजनिक जग्गा संरक्षण गर्दै बसर्पाक बनाउने योजनालाई निष्कर्षमा पुऱ्याउनुपर्ने बताए ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका सीताराम अर्यालले बेलुवाको कुरा गर्दा त्यहाँ विगतमा ६ घरजति मात्रै सुकुम्बासीको बस्ती रहेको र हाल बढेर धेरै पुगेको बताए । 'यही बाटो भएर सिडिओ, वार्डेन, मन्त्रीहरु हिँडनुहुन्छ, तर ड्याममा जग बनाएर घर बनाएको कुरा चाहिँ हाम्रै समितिले मात्रै हेर्नुपर्ने भन्नेगरी कुरा हुन्छ, हाम्रो मात्र काम होइन । त्यो नियन्त्रण गर्ने सबैको दायित्व हो,' उनले भने । उनले अवैधानिक क्रसर उद्योग हटाइनुपर्नेमा जोड दिए । मध्यवर्ती क्षेत्रमा सौराहजस्तै पर्यटकीय क्षेत्र बनाउन सकिने बारे उनले सुझाव दिए ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कलाखेतीको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सीता पुलामी रेखा, प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठ, वडाअध्यक्षहरु राजकुमार पाखिन, अनन्तप्रकाश अर्याल, प्रकाश थापा, युवराज थपलिया, नवराज सुवेदी, नारायण उप्रेती र राजकुमार श्रेष्ठको सहभागिता थियो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणप्रसाद न्यौपाने, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष सीताराम अर्याल, पर्सा राष्ट्रिय निकुन्जका रेन्जर मनराज लामा, इलाका प्रहरी कार्यालय मनहरीका प्रमुख कृष्णराज ढकाललगायतको आतिथ्यता थियो ।

अन्जन विष्ट आइ लिग खेल्न भारतमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरे खेलाडी विदेश भासिएको समाचार आइरहँदा हेटौंडाका फुटबल स्टार अञ्जन विष्ट भने भारतीय आइ लिग खेल्न त्यसतर्फ गएका छन् ।

राष्ट्रिय फुटबल टोली तथा चर्च ब्वाइज युनाइटेड क्लबका फरवार्ड अन्जन विष्टको व्यवसायिक खेल जीवनमा थप एउटा सफलता हात परेको हो । विश्व फुटबलले ध्यान दिइरहेको भारतको आइ लिगमा व्यवसायिक फुटबल खेल्नु नेपाली फुटबलरहरुको उद्देश्यनै रहन्छ । जुन अबसर अञ्जनले पाएका हुन् । उनकै दाई अर्थात पूर्व राष्ट्रिय खेलाडी रञ्जन विदेश भासिएको तीन दिनपछि अञ्जन भने फुटबल खेल्न भारत हिँडेका हुन् । अन्जनले मुम्बई केन्के एफसीबाट आइ लिग खेल्ने जानकारी दिएका छन् ।

उनी पहिलो पटक देश बाहिर व्यवसायिक फुटबल खेल्नका लागि भारत गएका हुन् । राष्ट्रिय टोलीका महत्वपूर्ण सदस्य रहेका अन्जनले आइ लिग खेल्न अवसर लाई आफूलाई थप प्रमाणित गर्ने अवसरको रुपमा लिएको बताए ।

'व्यवसायिक खेल जीवनमा यसलाई अर्को महत्वपूर्ण उपलब्धीको रुपमा लिएको छु,' उनले भने । उनी घरेलु फुटबलको सर्वाधिक सफल टोलीमध्येको एक

मनाङ मर्स्याङ्दी क्लब छाडेर यसै सिजन चर्च ब्वाइजमा आबद्ध भएका थिए । चर्च ब्वाइजले सहजै रिलिज दिएको बताए ।

आफ्नो पुस्तामा आइ लिग खेल्ने अन्जन तेस्रो खेलाडी बनेका छन् । विमल घर्तीमगर केहि वर्षअघि र गत वर्ष अनन्त तामाङले आइ लिग खेलेका थिए । अन्जनले राष्ट्रिय टोलीबाट ११ गोल गरि सकेका छन् । उनले पछिल्ला दुई मैत्रीपूर्ण खेलमा ४ गोल गरेका थिए ।

दशरथ रंगशालामा कात्तिक ३० गते पाकिस्तानविरुद्धको १-० को जितमा गोल गरेका अन्जनले त्यसअघि बंगलादेशलाई ३-१ ले हराउँदा ह्याट्रिक गरेका थिए । नेपालका लागि ह्याट्रिक गर्ने उनी छैटौं खेलाडी हुन् । पुरुष फुटबल टोलीबाठ सर्वाधिक गोल गर्ने खेलाडीको सुचीमा उनी दोस्रो नम्बरमा छ ।

आइ लिगका बाँकी खेल सकेर फर्कने योजना रहेको अन्जनले बताए । उनले आगामी सहिद स्मारक ए डिभिजन लिगको केही खेल गुमाउने सम्भावना छ । राष्ट्रिय टोलीका कप्तान तथा गोलकिपर किरण चेम्जोङ राउन्डग्लास पन्जाब एफसीबाट आइ लिग खेलिरहेका छन् । अब आइ लिगमा किरण र अन्जनको सामना हुने सम्भावना रहन्छ । केन्क्रेले सोमबार आइ लिग अंकतालिका को शीर्ष टोली श्रीनिदी डेकेनसँग प्रतिस्पर्धा गर्नेछ ।

बुङदल सामुदायिक वनको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरगढी-५ मा रहेको बुङदल सामुदायिक वनको २७ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभा मकवानपुर गढी-५ का वडा अध्यक्ष दिपेश दाहालको प्रमुख आतिथ्यता समूहका अध्यक्ष चन्द्रप्रसाद दुलालको सभाध्यक्षतामा साधारणसभा भएको थियो । साधारणसभामा समूहले गरेका विभिन्न कार्यहरुको प्रचार प्रसार गराई समूहको लोकप्रियता बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकाले सञ्चारकर्मी भीमसेन पौडेल र श्रीराम दाहाललाई सम्मानित गरिएको थियो ।

यसैगरि पूर्व अध्यक्ष ध्रुवप्रसाद अधिकारी र रामकुमार छत्कुली, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष एवम समूहका सल्लाहकार बलराम अधिकारीलाई पनि सम्मानित गरिएको थियो ।

भेलामा उत्कृष्ट विद्यार्थीहरु हिराकुमारी दाहाल, सलिना घलान, शिखा दुलाल, श्रीजन दाहाल र विराज

गौतमलाई पुरस्कृत गरिएको थियो । भेलामा समूहकी सचिव सम्झना दाहालले प्रगति प्रतिवेदन र कोषाध्यक्ष राजेश अधिकारीले आव. ०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन र चालु आ.व. ०७९/०८० को लागि १६ लाख ५ हजारको अनुमानित आयव्यय विवरण पेश गरेका थिए ।

साधारण सभामा सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, सव डिभिजन वन कार्यालय, मकवानपुरगढीका प्रमुख डटेन्द्र कुमार गोले, नमूना सामुदायिक वनका अध्यक्ष खडानन्द न्यौपाने, थाकलडाँडा सामुदायिक वनका अध्यक्ष ईन्द्र बहादुर बस्नेत, समूहका सल्लाहकार यज्ञ प्रसाद तिमल्सिना, उपाध्यक्ष राधिका छत्कुली, सहसचिव बद्रीप्रसाद अधिकारी लगायतको सहभागिता रहेको थियो । ६८.६० हेक्टरमा फैलिएको सामुदायिक वनमा १ सय १० घरधुरी आवद्ध रहेका छन् ।

मकवानपुरगढीको कृषि उपज व्यापार मेलामा राखिने

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/हेटौंडा उपमहानगरपालिका-१०, स्थित टिसिएन चौरमा ११ माघदेखि हुने व्यापार मेलामा मकवानपुरगढीको रैथानेबाली कृषि उपज प्रदर्शनका लागि राखिने भएको छ ।

राष्ट्रिय औद्योगिक व्यापार महोत्सव-२०७९ मा मकवानपुरगढी गाउँपालिकाले स्थानीय एवम् रैथानेबाली कृषि उपज प्रदर्शनी तथा बिक्री स्टल राख्ने गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । मकवानपुरगढी गाउँपालिकाभित्र उत्पादन हुने स्थानीय एवम् रैथानेबालीहरु कोदो, धानकोदो, फापर, सिमी, जुनेलो, सिलाम, अदुवा, बेसार, दलहन, तेलहन, कन्दमुल लगायतका विभिन्न उपजहरु, कृषिमा प्रयोग हुने परम्परागत औजार, सीप तथा कलाहरु प्रदर्शनीमा राखिने चौधरीले बताए ।

यसैगरी, स्थानीय उत्पादनहरु कोदोको पिठो, फापरको पिठो, मकैको पिठो, बेसारको धुलो, दुनाटपरी, हस्तकला सामग्रीहरु विक्रीमा राखिने भएको छ । मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको आयोजना कृषि ज्ञान केन्द्र चितवनको सहयोग र विभिन्न सहकारी संस्था, कृषक समूह र कृषकहरुसँगको समन्वयमा प्रदर्शनी तथा बिक्री स्टल राखिने भएको हो ।

ठुलोथलीमा माघ २५ गते सांस्कृतिक कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ हेटौंडा-१३ ठुलोथलीमा माघ २५ गते सांस्कृतिक कार्यक्रम हुने भएको छ ।

ल्होछार सांस्कृतिक कार्यक्रम मुल समारोह समितिले माघ २५ गते विशेष सांस्कृतिक कार्यक्रम गर्ने भएको हो । समितिले शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै पाचौं पटक ठुलोथलीमा सांस्कृतिक कार्यक्रम गर्न लागेको जनाएको छ ।

कार्यक्रमको मुल संयोजक संगिता वाईवाले कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न गर्न विभिन्न समितिहरु बनाएर अगाडी बढेको जानकारी दिइन् । उनको अनुसार कलाकार व्यवस्थापन संयोजकमा बुद्धी गोले,आर्थिक व्यवस्थापन संयोजकमा ध्यान बहादुर दोङ, स्वयमसेवक व्यवस्थापन संयोजकमा जनक गोले, बत्ती व्यवस्थापन संयोजकमा शंकर मोक्तान, पार्किङ व्यवस्थापन संयोजकमा प्रकाश दोङ र स्टल व्यवस्थापन संयोजकमा मदन कुमार बल तोकिएका छन् ।

सांस्कृतिक कार्यक्रममा नेपालका चर्चित राष्ट्रिय स्तरका

कलाकारहरु प्रेम लोप्चन, जितु लोप्चन, प्रकाश तामाङ तितुङ, हेरुका लामा लगायतले प्रस्तुती दिने जनाइएको छ । कार्यक्रममा करीव ४ लाख रुपैयाँ खर्च हुने अनुमान गरीएको उनले जानकारी दिइन् ।

दुई हजार दर्शक सांस्कृतिक कार्यक्रममा उपस्थित हुने अनुमान आयोजकले गरेको छ । विभिन्न संघ संस्था, समाज सेवी तथा आयोजक आफैले सहयोग गरेर कार्यक्रम गर्न लागेको जनाएको छ । अपरान्ह ३ बजेदेखि आयोजना हुने कार्यक्रममा नि:शुल्क प्रवेश रहेकोले सहभागी हुन दर्शकहरुलाई आयोजकले आव्हान गरेको छ ।

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्भनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

कर्मचारी आवश्यकता

यस संस्थाको कर्मचारी पदपुर्ति उपसमितीको मिती २०७९/१०/०७ को निर्णय अनुसार निम्न योग्यता भएकोले सूचना प्रकाशित मितिले १५ दिनभित्र हस्तलिखित निवेदन नागरिकता र शैक्षिक योग्यता प्रमाण पत्र र अन्य अनुभव प्रमाण पत्रको प्रतिलिपी सहित पेश गर्नहुन अनुरोध गर्दछौ ।

१) पद : व्यवस्थापक
२) आवश्यक संख्या : १ जना
३) उमेर : १८ बर्ष देखि ४० बर्ष ननाघेको
४) शैक्षिक योग्यता : व्यवस्थापन संकायमा १२ उत्तीर्ण गरेको हुनुपर्ने (व्यवस्थापन उत्तीर्ण गरेकोलाई बिशेष ग्रहयता)
५) तलब सुबिधा : संस्थाको नियम अनुसार
६) सेवा : करार सेवामा
७) अनुभव : संघ संस्थामा काम गरेकोलाई बिशेष ग्रहता
८) परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
९) कम्प्युटरमा दक्ष हुनुपर्ने ।
१०) निवेदन दस्तुरमा निवेदन दर्ता गर्दा रकम रु १००० दस्तुर लाग्ने छ ।

सर्म्पक मिति पछि प्रकाशित गरिनेछ ।

श्री वनदेवी दुग्ध उत्पादक सहकारी संस्था लि.
फोन : ०५७-५३०२२७

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना